**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

नवराजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ५ मितिः २०७९/०६/१२

**भाग-२**

**नवराजपुर गाउँपालिका**

# नवराजपुर गाउँपालिका

***करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धि मापदण्ड तथा कार्यबिधी , २०७९***

नवराजपुर गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा

## करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धि मापदण्ड तथा कार्यबिधी , २०७९

**प्रस्तावना :** व्यक्ति ,समूह ,गाउपालिका , प्रदेश तथा संघीय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरिय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणात्मकता वृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्वन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आवश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान , २०७२ को अनुसुचि ८ , स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धी मापदण्ड तथा कार्यबिधी , २०७९ बनाई जारी गरेको छ ।

### परिच्छेद १ संक्षिप्त नाम र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भ :(१) यस मापदण्डको नाम " करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धि मापदण्ड तथा कार्यबिधी, २०७९" रहेको छ ।

(२) यो मापदण्ड नवराजपुर गाउँपालिका भित्रका अनुमति तथा स्वीकृती प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा** :विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "गाउँपालिका" भन्नाले नवराजपुर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "मापदण्ड" भन्नाले करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धी मापदण्ड तथा कार्यबिधी,२०७९ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका "भन्नाले नवराजपुर गाउ कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) "शिक्षक दरवन्दी "भन्नाले नवराजपुर गाउँपालिका भित्रका हाल मौज्दात दरवन्दि र नवराजपुर गाउँपालिकाद्धारा थप गरेका स्वयम्सेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ ।

(ङ) "शिक्षक "भन्नाले नेपाल सरकारका स्थायी,अस्थायी,करार, लियन र राहत शिक्षकलाई सम्झनु पर्छ ।

(च)" स्वयम्सेवक शिक्षक "भन्नाले नवराजपुर गाउँपालिका भित्रका अनुमति प्राप्त वा स्विकृती प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरवन्दि अभाव भई गाउँ शिक्षा समितिले सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ ।

(छ) "शिक्षक छनौट समिति" भन्नाले स्वयम्सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको खण्ड ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ज)" अध्यक्ष" भन्नाले नवराजपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नवराजपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ट)“श्रोत व्यक्ति” भन्नाले नवराजपुर गाउँपालिमा कार्यक्षेत्र तोकिएको स्रोत व्यक्ति लाई सम्झनुपर्छ ।

(ठ) “शिक्षा शाखा” भन्नाले नवराजपुर गाउपालिका भित्रका विद्यालयको रेखदेख तथा निरक्षण गर्ने शिक्षा शाखालाई सम्झनुपर्छ ।

(ड)“विषय विशेषज्ञ ”भन्नाले सम्वन्धीत विषयमा स्नातकोत्तर (मा.वि. तह) /स्नातक तह )आधारभुत तह उत्तिर्ण भई नेपाल सरकारको स्थायी नियुक्ति लिएको हुनुपर्नेछ ।

(ढ)“सेवा सुविधा ”भन्नाले यस मापदण्डको खण्ड १२ अनुसार स्वयम्सेवक शिक्षकलाई दिइने सेवा सुविधा सम्झनु पर्छ ।

## परिच्छेद २ स्वयम्सेवक शिक्षक दरवन्दि

**१. स्वयम्सेवक शिक्षकको दरबन्दी गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।**

२.नवराजपुर गाँउपालीकका सामुदायीक विद्यालयलाई तपसिल बमोजीमको शिक्षक विद्यार्थी अनुपात हुनुपर्ने छ ।

क) स्वयम्सेवक शिक्षक दरवन्दि अनुपातः नेपाल सरकारबाट अनुमति प्राप्त संचालित सामुदायिक विद्यालय (कक्षा १ –५) हरुमा एउटा पनि दरबन्दि नभएको अवस्थामा कम्तिमा १ (एक) जना स्वयम्सेवक शिक्षकको व्यवस्था मिलाईने तथा अन्य विद्यालयको हकमा देहाय बमोजिम हुनेछ ।

(अ) आधारभुत तह (कक्षा १ –५ ) ४० जना विद्यार्थी बराबर १ जना शिक्षक

(आ) आधारभुत तह (कक्षा ६ –८ ) ४० जना विद्यार्थी बराबर १ जना शिक्षक

(इ) माध्यमिक तह ( ९ – १२)  ४० जना विद्यार्थी बराबर १ जना शिक्षक

पूनश्चः मथि उल्लेखीत मापदण्ड सामुदायीक विद्यालयमा नेपाल सरकारको कुनै पनि किसिमको दरवन्दी प्राप्त नगरेको तथा माथि उल्लेखीत विद्यार्थी संख्याको आधारमा अपुग भएका विद्यालयको हकमा मात्र लागु हुने छ र नेपाल सरकारबाट कुनै प्रकारको दरवन्दि प्राप्त हुनासाथ स्वयम्सेवक दरवन्दी स्वतः फिर्ता गरीनेछ ।

## परिच्छेद ३ शिक्षक छनौट समिति गठन

४.शिक्षक छनौट समिति रहने :(१) सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक नियुक्तिका लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख)गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तिमा शिक्षा शास्त्र संकायबाट स्नातकोत्तर(माबि तह) उत्तिर्ण गरेको स्थायी १ जना शिक्षक - सदस्य

(ग) गाउँ शिक्षा शाखा प्रमुख वा संयोजक –सदस्य सचिव

शिक्षक छनौट समितिले आवश्यकता अनुसार विषय विज्ञ तथा अन्य कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ ।
शिक्षक छनौट समितिको बैठक भत्ता तथा अन्य खर्च प्रचलित कानुन बमोजिम हुनेछ ।
(२) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) स्वीकृत दरवन्दी संख्याको अधिनमा रही खुला प्रतिस्पर्धात्मक परिक्षाबाट स्वयमसेवक शिक्षक करारमा नियुक्ति गर्न गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने ,
(ख) परिक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने , प्रश्नपत्रको निर्माण गर्ने ,प्रश्नपत्रको गोपनियता कायम गर्ने , लिखित ,मौखिक तथा प्रयोगात्मक परिक्षा संचालन गर्ने,उत्तर पुस्तिका जाचँ गर्ने र अन्तिम नतिजा प्रकाशित गर्ने ,
(ग)परिक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने ,व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने ,
(घ)परिक्षालाई मर्यादित ,स्वच्छ ,निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ,
(ङ) गाउँ कार्यपालिका एंव गाउँ शिक्षा समितिसँग परिक्षा संचालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने ,
(च) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने ,
(३) समितिको वैठक सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।
(४) समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको बैठकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ४ शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने :- (१)नियम ४ बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना विभिन्न माध्यमवाट प्रकाशन गर्नुका साथै गाउँपालिकामा सूचना टाँस गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहका वेभसाइट मा समेत राख्न व्यवस्था मिलाउनु पर्नेछ ।
६. दरखास्त बुझाउनु पर्ने :- प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।
७. शैक्षिक योग्यता सम्वन्धि व्यवस्था :-स्बयमसेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।
(क) मा.वि. तह ( ९-१०) सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको
(ख) आ.वि. तह ( ६- ८ ) सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
(ग) आ.वि.तह (१-५) प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
(ङ) आधारभूत तह कक्षा ६-८ कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको वा कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा कम्प्युटर डिप्लोमा तालिम लिएको हुनुपर्ने ।

८.उम्मेदवारको लागि अन्य योग्यता :(१) शिक्षक सेवा आयोगले सम्बन्धित पदका लागि तोकेको न्युन्तम योग्यता पूरा गरेको हुनुपर्नेछ । तर अध्यापन अनुमतिपत्र प्राप्त नभएका व्यक्ति समेत सम्बन्धित पदको लागि उम्मेदवार हुन अयोग्य हुने छैन ।

९. पाठ्यक्रम,परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया :

(१) स्वयम्सेवक शिक्षकको लागि लिईने परीक्षाको पाठ्यक्रम,परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(२) लिखित ,मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिनेछ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ : परीक्षाको किसिम तथा अन्य व्यवस्था शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५ सेवासुविधा र बिदा सम्वन्धि व्यवस्था

१०. सेवासुविधा सम्वन्धि व्यवस्था :विभिन्न तहमा नियुक्त स्वयम्सेवक शिक्षकहरुको मासिक सेवा सुविधा देहाय बमोजिम हुनेछ -

(क) मा.बि.तह (९-१२) - २५०००

(ख) आधारभूत तह ( ६-८) -१८०००

(ग) आधारभूत तह ( १-५) - १५०००

११.बिदा सम्वन्धि व्यवस्था :

(क) स्वयम्सेवक शिक्षकले महिनामा क्या.वि./प.वि. र विरामी विदा समेत २ दिन विदा पाउनेछन्। उल्लेखीत विदा संचीत हुने छैन ।

(ख) स्वयम्सेवक शिक्षकको विदा संवन्धीत विद्यालयको प्र.अ.ले स्विकृत गर्ने छ ।

(ग) स्वयम्सेवक शिक्षकले पाउने विदा अधिकार नभई सहुलियतको रुपमा रहनेछ ।

## परिच्छेद ६ : विविध

१२. सेवा सुविधाका लागि सिफारिस गर्ने : करार सेवाका स्वयम्सेवक शिक्षकले प्राप्त गर्ने सेवा सुविधाका लागि हरेक त्रैमासिक रुपमा शिक्षा शाखाले गाउंकार्यपालिकाको कार्यालयलाई सिफारिस गर्नुपर्नेछ र सोही बमोजिम विद्यालयबाट प्राप्त प्रमाणित हाजिरीका आधारमा निजले पाउने सेवा सुविधा भुक्तानी गरिनेछ ।

१३. करार थप वा नविकरण गर्न सकिने : कार्य सम्पादन मूल्यांकण र विद्यालयमा आएको शैक्षिक सुधार समेतलाई विश्लेषण गरी स्वयम्सेवक शिक्षकहरुको करार अवधि सम्झौतामा उल्लेख भए बमोजिम गाउँ कार्यपालिकाले पुनः थप वा नवीकरण गर्न सक्नेछ । तर कार्य सम्पादनस्तर राम्रो नभएका स्वयम्सेवक शिक्षकहरुको करार अवधी थप वा नवीकरण हुन सक्ने छैन ।

१४. पुनः करारमा स्वयम्सेवक शिक्षक भर्ना गर्न सकिने :- विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या कम भएका विद्यालयहरुमा यस मापदण्ड बमोजिम एक पटक स्वयम्सेवक शिक्षक भर्ना गरीसकेपछि सोही शैक्षिक शत्रभित्र पुनः शिक्षक संख्या कम भएमा बैकल्पिक सूचीमा रेहका उम्मेदवारहरुमध्येबाट करार सम्झौता गरी सम्बन्धित विद्यालयमा खटाउन सकिनेछ । बैकल्पिक

सूचीमा रहेका उम्मेदवारको संख्या कम भएमा यसै मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाबाट स्वयम्सेवक शिक्षक करारमा भर्ना गर्न सकिनेछ। तर बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई शिक्षक नियुक्ति भएको एक वर्षपछि यस्तो अवसर उपलब्ध हुने छैन्।

१५. करार सम्झौता स्वतः रद्द हुने : स्वयम्सेवक शिक्षकले विद्यालयमा आचरणहिन कार्य गरेको प्रमाणित भएमा विद्यालय तथा शिक्षा शाखाको सिफारिस बमोजिम करार सम्झौता स्वतः रद्द हुनेछ ।

१६. अमान्य हुने :- यस मापदण्डमा उल्लेख भएका कुराहरु नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

आज्ञाले,

राज किशोर साह

प्रमुख प्रशासकीय अधिकृत